फोन: ०६१-५०६४००

# माादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२

मिति :२०८१/११/२०

सूचना नं. : ०६

## नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी अत्यन्त जरुरी सूचना

मादी गाउँकार्यपालिकाको मिति २०८१/११/१५ गतेको निर्णयानुसार मादी गाउँपालिका अन्तर्गतका सम्पूर्ण घाटहरुबाट नदीजन्य पदार्थ उत्खनन् गरी खोला तथा नदी किनारबाट ३०० (तीन सय) मिटर दूरीभित्र सङ्कलन गरी डम्पिङ्ग तथा जम्मा गरी थुपारी राखिएका नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, चोकर, रोडा लगायत) यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उठाउनु हुन यसै सूचना मार्फत जानकारी गराइन्छ । अन्यथा प्रचलित कानुनको अधीनमा रही गाउँपालिकाले जफत गर्ने व्यहोरा समेत अनुरोध छ ।

**द्रष्टव्यः-**

मादी गाउँपालिका अन्तर्गतका सम्पूर्ण घाटहरुमा बेलुकी ६:०० बजेदेखि विहान ७:०० बजेसम्म खोला तथा नदीजन्य पदार्थ ओसार पोसारमा उपयोग हुने कुनै पनि सवारी साधन (ट्रयाक्टर, टिप्पर, ट्रक, ब्याक व्हो लोडर, एक्साभेटर लगायत सबै) प्रवेश गरी उत्खनन् गर्ने कार्यमा रोक लागाइएको व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

..................

धनेन्द्र भुजेल

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः-**

श्री वडा कार्यालयहरु सबैः- सूचना बमोजिम निरीक्षण र नियमन गर्नु गराउनु हुन ।

श्री अस्थायी प्रहरी पोस्ट, भगवतीटारः- बेलुकी ६:०० बजेदेखि विहान ७:०० बजेसम्म सवारी साधन प्रवेशमा रोक लगाई सहयोग गरि दिनु हुन ।

गाउँ प्रहरी श्री लोक बहादुर गुरुङ, अमर परियार र चन्द्र बहादुर परियारः- सोही बमोजिम गर्ने गराउने ।

श्री सामुदायिक प्रहरी सेवा केन्द्र, कालिका, कास्कीः- बेलुकी ६:०० बजेदेखि विहान ७:०० बजेसम्म सवारी साधन प्रवेशमा रोक लगाई सहयोग गरि दिनु हुन ।

"पर्यटन, कृषि, जलस्रोत, वन र पूर्वाधार ! समन्यायिक समृद्धि मादीको मूल आधार !!"
मोवाईल ९८५६०७२६०० :, ९८५६०७२६०१, ९८५६०७२६०२, Web Site : madimunkaski.gov.np
Email : madiruralmunicipality@gmail.com, info@madimunkaski.gov.np, madimunkaski@gmail.com